दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ४४ | बुटवल | २०८१ माघ २५, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Feb. 07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## रवि ५४ लाख धरौटीमा रिहा



बुटवल । चितवन जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई ५४ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । आदेशअनुसार धरौटी बुझाएर रवि रिहा भएका छन् ।

साहारा चितवन सहकारी ठगी प्रकरणको मुद्दामा थुनछेक बहसपछि न्यायाधीश दयाराम ढकालको इजलासले उनलाई ५४ लाख रुपैयाँ धरौटी लिएर छाड्न आदेश गरेको हो । ५४ लाख धरौटी माग गर्ने आदेश भएको अदालतका स्रेस्तेदार विष्णुप्रसाद आचार्यले जानकारी दिए ।

साहारा चितवन सहकारीको ठगी प्रकरणमा बयान दिन लामिछाने बुधबार अदालत उपस्थित भएका थिए । उनको थुनछेक बहस नसकिएपछि बुधबार अदालतले प्रहरीको जिम्मा लगाएको थियो । कास्की, काठमाडौं र रुपन्देहीमा रविविरुद्ध संगठित अपराधमा समेत मुद्दा दर्ता गरिए पनि चितवनमा भने ठगीमा मात्रै मुद्दा दायर भएको छ ।

## आरोप पुष्टी गर्न अर्थमन्त्रीको चुनौती



बुटवल । नेकपा एमालेका उपाध्यक्ष तथा उप-प्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्रीविरुद्धको आरोप पुष्टि गर्न चुनौती दिएका छन् ।

प्रतिनिधिसभा बैठकमा बोल्दै उप-प्रधानमन्त्री पौडेलले प्रचण्डले हचुवाका भरमा प्रधानमन्त्री केपी शर्मा ओलीमाथि आरोप लगाएको बताएका हुन् । आरोप पुष्टि गर्न चुनौती दिँदै उनले पुष्टि गर्न नसके जनतासामू माफी माग्न आग्रह गरे ।

'सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध लक्षित गरेर उहाँ(प्रचण्ड) ले जे-जस्ता अनुचित आरोप लगाउनुभएको छ, उहाँले पुष्टि गर्नुस् ।

» बाँकी २ पेजमा

# सरकार र प्रधानमन्त्रीलाई संसदमा प्रचण्डको ७९ प्रश्न

**अध्यादेशका केही व्यवस्थाहरूले गिरीबन्धु टि-स्टेटसहित देशभरका हदबन्दीभन्दा धेरैका जग्गाहरूको किनबेच स्वामित्व हस्तान्तरणलाई कानुनी रूप प्रदान गर्न दुरुपयोग गर्न सकिने आधारहरू प्रदान गर्ने प्रचण्डको दाबी छ ।**

**लुम्बिनी संवाददाता**

*काठमाडौं*

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधि सभा बैठकमा सम्बोधन गर्ने क्रममा सरकार, प्रधानमन्त्री र नेपाली कांग्रेसमाथि माथि कम्तीमा ७९ वटा प्रश्न गरेका छन् ।

उनले सामाजिक सञ्जाल नियमन विधेयक ल्याएर अभिव्यक्तिको अपराधीकरण गर्न खोजेको देखि जनताको मुख थुनेर विवेक नै बन्धक बनाउने नियत देखिएको भनी सरकारको आलोचना गर्दै ओलीको नियत त पहिलादेखि नै प्रस्ट भइसकेको, तर अहिले आएर कांग्रेस पनि विवेकहीन समाज बनाउन लागिपरेको त होइन भनेर प्रश्न गरे ।

संविधान संशोधनको एजेन्डामा सरकार बनाइएको, तर अहिले प्रधानमन्त्रीले नै यो एजेन्डा छाडेकोमा पनि उनले प्रश्न उठाए ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी लडाकू शिविरमा भएको भनिएको घोटाला र शेरा दरबारबारे छानबिन गर्न चुनौती दिएका छन् । बिहीबार प्रतिनिधिसभा बैठकमा विशेष समय लिएर सम्बोधन गरेका प्रचण्डले शेरा दरबार काण्डमा आफूमाथि छानबिन गर्न माग गरेका हुन् । लडाकू शिविरमा घोटाला भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । 'प्रचण्डलाई कहाँ बदनाम गर्न सकिन्छ भनेर प्रधानमन्त्री नै लागिपरेको थाहा छ, शेरा दरबारबारे ममाथि छानबिन गर्नुस् ।

क्यान्टोन्मेन्ट (लडाकू शिविर)को कुरा उठ्छ, छानबिन गरे भयो नि !' प्रचण्डले संसद्मा भने 'आज म गिरीबन्धु या ओम्नी भन्दिनँ । स्विस बैंक र कम्बोडिया छानबिन गर्न प्रधानमन्त्री तयार हुने कि नहुने ?'

कम्बोडियाको टेलिकममा ओलीको लगानी रहेको भनेर विवादास्पद व्यवसायी दुर्गा प्रसाईंले केही नक्कली कागज सार्वजनिक गर्दै आरोप लगाएका थिए । त्यही अपुष्ट विषय छानबिन गर्न तयार हो भनेर प्रचण्डले प्रधानमन्त्री केपी ओलीमाथि संसद्बाट प्रश्न गरेका हुन् ।

यस्तै, स्विस बैंकमा पत्नी राधिकाको नाममा डलर जम्मा गरिएको अफबाह फैलाइएको भन्दै ओलीले माघ १८ गते संसद्को बैठकमा यस्ता अफबाह सुन्दा रिस पनि उठ्न छाडेको बताएका थिए ।

संसद्मा १ घण्टा सम्बोधन गरेका प्रचण्डले सरकारको कार्यशैली प्रति तीब्र आपत्ति जनाए । सरकारबाट हट्नु परेको पीडा आफूसँग नरहेको र सरकार गठन-विघटनको खेलमा आफू नरहेको पनि उनले दाबी गरे ।

'प्रचण्ड'ले सरकारले गलत नियत राखेर अध्यादेश ल्याएको आरोप लगाएका छन् । 'यसबिचमा जारी भएका अध्यादेशहरूका प्रक्रिया मात्र



होइन, नियतमा पनि हामीलाई शंका छ । भूमि तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन संशोधनका लागि जारी अध्यादेशको नियत के हो ?- प्रचण्डले भने, 'संशोधित प्रावधानहरूले वास्तविक भूमिहीन, दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीले जोतभोग गरिरहेको जग्गाको लालपूर्जा पाउन सहज हुन्छ कि झन् कठिन, जटिल र महंगो हुन्छ ।'

मध्यवर्ती क्षेत्रको जग्गालाई जग्गा उपलब्ध गराउन नसकिने नकारात्मक सूचीमा राखेर लाखौं भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको भूमि अधिकार कुण्ठित गर्न खोजेको प्रचण्डले टिप्पणी गरे । 'बरू यस अध्यादेशका केही व्यवस्थाहरूले गिरीबन्धु टि-स्टेटसहित देशभरका हदबन्दी भन्दा धेरैका जग्गाहरूको किनबेच स्वामित्व हस्तान्तरणलाई कानुनी रूप प्रदान गर्न दुरुपयोग गर्न सकिने आधारहरू प्रदान गर्दछ,' प्रचण्डले भने-'भूमाफियाहरूको चाहनाअनुरूप किसानको जमिनको भूउपयोग वर्गीकरण मनपरी ढंगले गर्ने र त्यसको परिवर्तन गराउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय धाउनुपर्ने व्यवस्था लागु गर्न खोजिएको छ ।'

प्रधानमन्त्रीको ठाडो निर्देशनमा मुख्य सचिवको अध्यक्षतामा प्रधानमन्त्री कार्यालयमा बैठक राखेर सर्लाही जिल्लाको बागमती नगरपालिकाका हजारौं सुकुम्बासीले तिसौं वर्षदेखि जोतभोग र आवाद कमोत गरेको जग्गा खाली गराउने निर्णय गरिएकोमा प्रचण्डले असन्तुष्टि जनाए ।

'नगर प्रमुख, उपप्रमुखसहित ५ जनालाई वन मुद्दामा फसाउन खोजिएको छ २०७४ सालमा निर्वाचित जनप्रतिनिधिलाई २०७३ सालको घटनामा जोडेर झुठा मुद्दा लगाउन खोजिँदैछ, पार्टी परिवर्तन गरेर आफूसँग आए मुद्दा नचलाउने भनेर धम्क्याउने र लोभ्याउने गरिएको छ। यो हदसम्मको अराजनीतिक षडयन्त्र र जालझेल मान्य हुन्छ ?' प्रचण्डले प्रश्न गरे । प्रचण्डले अहिलेकै थ्रेसहोल्ड नेपाली कांग्रेस र नेकपा एमालेलाई धेरै हुने दिन आउन सक्ने चेतावनी दिएका छन् ।

बिहीबार प्रतिनिधि सभालाई सम्बोधन गर्दै प्रचण्डले सरकार यसरी नै चल्दै गए कांग्रेस-एमाले संकटमा पर्ने बताएका हुन् ।

'छब्बीस महिनाअघिको निर्वाचनको मतादेशमै पनि आत्ममुग्ध नहुनोस् । यसरी नै सरकार चलाउँदै जानुभयो, यसरी नै जनताबाट अग्गिदै जानुभयो भने अहिलेकै थ्रेसहोल्ड तपाईंहरुलाई नै धेरै हुँदैछ, अरुको चिन्ता नर्गनुस् ।'- प्रचण्डले भने । उनले पार्टी छोड्ने नेता-कार्यकर्ताको बहिखाता हेर्न पनि आग्रह गरे । 'आफ्नै पार्टीबाट कार्यकर्ता पलायनका पछिल्ला बहिखाता हेर्नोस् र घमण्डबाट ब्युँझनोस् ।'- प्रचण्डको आग्रह छ ।

शंकरनगर खानेपानीको चुनाव :

# तीन दलको गठबन्धनलाई हराउँदै भण्डारीको जित

**बहुमतको निर्णय स्वीकार गरेर जानुपर्ने सर्वमान्य विधि विपरीत खानेपानी चुनावमा नगर अध्यक्षबाट भएको निर्णयले तिलोत्तमामा मात्र नभइ रुपन्देहीमा नेकपा एमालेभित्र मनोमानी र अराजकता मौलाउन थालेको त होइन भनेर पार्टी पंक्तिमा चिन्ता उत्पन्न भएको एमाले नेताहरु बताउँछन् ।**





शंकरनगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको मिति २०८१/१०/२४ गतेका दिन सम्पन्न हुनगइरहेको निर्वाचनका लागि नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय जनमुक्ति पार्टीको संयुक्त र आधिकारिक उमेदवार निम्न अनुसार रहेको जानकारी गराइन्छ ।

| | |
|---|---|
| अध्यक्ष | श्री रुद्र प्रसाद श्रेष्ठ |
| उपाध्यक्ष | श्री चन्द्रकान्त खनाल |
| सचिव | श्री कमला ज्ञवाली |
| कोषाध्यक्ष | श्री भिमलाल पौडेल |
| सेवा क्षेत्र नं १ संयोजक | श्री खिल बहादुर पौडेल |
| सेवा क्षेत्र नं २ संयोजक | श्री गोपाल थापा |
| सेवा क्षेत्र नं ३ संयोजक | श्री दुर्गा बहादुर खत्री |
| सेवा क्षेत्र नं ४ संयोजक | श्री पुष्करनाथ पन्थ |
| सेवा क्षेत्र नं ५ संयोजक | श्री मान बहादुर थापा |
| सेवा क्षेत्र नं ६ संयोजक | श्री ज्ञानु आत्रेय |
| सेवा क्षेत्र नं ७ संयोजक | श्री जनकलाल पाण्डे |
| सेवा क्षेत्र नं ८ संयोजक | श्री उमाकान्त सापकोटा |
| लेखा सु.समिति संयोजक | श्री कुल बहादुर भण्डारी |
| लेखा सु.समिति सदस्य | श्री सुरज थापा |
| लेखा सु.समिति सदस्य | श्री कमल कुँवर केसी |

नेपाली कांग्रेस नगर सभापति श्री हरिलाल पाण्डे
नेकपा एमाले नगर अध्यक्ष श्री मिन प्रसाद पोख्रेल
राष्ट्रिय जनमुक्ति पार्टी नगर अध्यक्ष श्री राधिका श्रीस
२०८१/१०/२३

**लुम्बिनी संवाददाता**

*तिलोत्तमा*

शंकरनगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको अध्यक्षमा नेकपा एमाले, नेपाली कांग्रेस र जनमुक्ति पार्टीको गठबन्धनलाई फराकिलो मतान्तरले झविन्द्र भण्डारी विजयी भएका छन् । भण्डारी नेकपा एमालेकै बागी उम्मेदवार हुन् ।

खानेपानी संस्थाको अध्यक्ष रहेका भण्डारीले ७१ मत पाएर विजयी हुँदा तीन दलीय गठबन्धनका उम्मेदवार रुद्र श्रेष्ठले ३१ मत मात्र पाए । संस्थामा ८ वटा क्षेत्रका १०३ जना पार्षद मतदाता थिए ।

तीन दलको आधिकारिक उम्मेदवारलाई हराउँदै बागी उम्मेदवार भण्डारीले शानदार जित हासिल गरेपछि एमाले रुपन्देहीमा तरंग उत्पन्न भएको छ ।

नेकपा एमाले र नेपाली कांग्रेसबिच भण्डारीलाई अध्यक्षको उम्मेदवार बनाउन एक महिना अघि नै सहमति भएको थियो । त्यसमा पछि जनमुक्ति पार्टी पनि थपिएको थियो ।

तीन दलको आधिकारिक उम्मेदवारलाई हराउँदै बागी उम्मेदवार भण्डारीले शानदार जित हासिल गरेपछि एमाले रुपन्देहीमा तरंग उत्पन्न भएको छ ।

रुपन्देही ५ का संघीय सांसद एवं एमाले तिलोत्तमा नगर इञ्चार्ज बासुदेव घिमिरे संयोजक रहेको संयन्त्रले पटक-पटक बैठक गरेर भण्डारीको नाम अनुमोदन पनि गरेको थियो । तिलोत्तमाको वडा नं. १ देखि ४ सम्मका पार्टी वडा इञ्चार्ज र र ४ वटै वडाका शाखा कमिटी अध्यक्षहरुले झविन्द्रलाई अध्यक्ष बनाउने निर्णयमा हस्ताक्षर गरेका थिए ।

तर निर्वाचनको केही दिनअघि एमाले नगर अध्यक्ष मीनप्रसाद पोखरेलले जिल्ला अध्यक्ष यज्ञ गैरेको समेत निर्देशन र एकाध नेताको समर्थनमा रुद्र श्रेष्ठलाई अध्यक्षमा अघि सारेपछि पार्टीभित्र विवाद उत्पन्न भएको थियो ।

कांग्रेसका नगर सभापति हरिलाल पाण्डे, एमाले नगर अध्यक्ष पोखरेल र जनमुक्तिकी नगर अध्यक्ष राधिका श्रीस पुनले हस्ताक्षर गरी श्रेष्ठ आधिकारिक उम्मेदवार भएको भन्दै पार्षद (मतदाता) सँग उम्मेदवारको सूची बाँडेर मत मागिएको थियो ।

पूर्व सहमति र निर्णयविरुद्ध अर्को निर्णय भएपछि नगर इञ्चार्ज बासुदेव घिमिरेले राजनीतिक अराजकता भन्दै सामाजिक सञ्जालबाटै असन्तुष्टी जनाएका थिए । उनले 'हरेक निर्णयहरु गर्दा फरक मत राख्न सकिन्छ, तर विधिसम्मत निर्णय भएको विषयलाई निस्सर्त कार्यान्वयन गर्नु प्रत्येक सदस्यको दायित्व र कर्तव्य पनि हो । आधिकारिक निर्णयको विरुद्धमा जानु भनेको राजनीतिक अराजकता हो' भनेर लेखेका थिए ।

संयन्त्रको बैठकले गरेको निर्णयमा नगर इञ्चार्जसहित ४ वटा शाखा कमिटी अध्यक्ष र इञ्चार्जले हस्ताक्षर गरेका थिए ।

» बाँकी ३ पेजमा

बुद्धभूमि नगरपालिकाको अनुरोध

चिसो तथा शीतलहरको समयमा,

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

अनुरोधक :
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमान चोक, बुढ्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

# स्वास्थ्यमन्त्रीको घोषणा

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले क्यान्सरका बिरामीलाई दिने किमो निःशुल्क गर्ने घोषणा गरेका छन् । पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपीभी खोप लगाउने अभियानको पोखरामा थालनी गर्दै मन्त्री पौडेलको घोषणा स्वागतयोग्य छ ।

नेपालमा क्यान्सरका बिरामी दिन प्रतिदिन बढिरहेका छन् । दैनिक ६ जना बिरामी क्यान्सरले मृत्यु हुँदै आएकोमा चार जना पाठेघरको क्यान्सरबाट मृत्यु भइरहेको सरकारी तथ्याङ्क छ । पाठेघरको मुखको क्यान्सरबाट महिलालाई बचाउन अहिले सरकारले खोप अभियान चलाएको छ । देशभरका ८ हजार २ सय विद्यालयमा खोप केन्द्र स्थापना गरी सरकारले खोप अभियान चलाएको छ । यो खोप अभियानले पक्कै पनि पाठेघरको क्यान्सर नियन्त्रण गर्न सघाउ पुऱ्याउने विश्वास गरिएको छ । सरकारले क्यान्सर नियन्त्रण रणनीति पास गरिसकेको र कार्यान्वयन गर्दै जाने तयारी छ। खोप अभियानले दीर्घकालका लागि पाठेघरको क्यान्सर नियन्त्रण गर्न सघाउ पुगे पनि तत्काल क्यान्सरका बिरामी उपचार गर्न नसक्ने अवस्थामा छन् । क्यान्सरको उपचार गर्दागर्दै आर्थिक रुपमा चौपट हुनुपर्ने अवस्था छ । न्यून आय भएका परिवारका लागि त क्यान्सर हुनु भनेको मृत्युको मुखमा पुग्नु नै हो । यस्तो अवस्थामा राज्य सहयोगी हुन खोज्नु नागरिकप्रतिको जवाफदेही काम हो ।

सरकारले स्वास्थ्य बिमा कार्यक्रम चलाएको छ । स्वास्थ्य बिमा कार्यक्रमबाट धेरैलाई लाभ पुगेको छ । औषधि खानै नपाउने अवस्थाबाट नागरिक मुक्त भएका छन् । भलै स्वास्थ्य बिमामा सुधार गर्नुपर्ने पक्ष धेरै छन् । स्वास्थ्य बिमा कार्यक्रम झण्झटिलो भएकोले सर्वसाधारणलाई सहज र सरल ढंगले कसरी सेवा प्रवाह गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्ने छ ।

मृगौलाको डायलाइसिस सरकारले निः शुल्क गर्ने व्यवस्था मिलाएको छ । तर लामो समयदेखि डायलाइसिस बापत सरकारले दिनुपर्ने पैसा नदिँदा अस्पतालहरु थला परेका छन् । एकातिर जेष्ठ नागरिकलगायत सामाजिक सुरक्षा भत्ताले राज्यमाथि व्ययभार बढेको छ । अर्कोतिर ६० वर्ष माथिका नागरिकको उपचारमा ५० प्रतिशत छुट दिने निर्णय गर्दै सरकारले कार्यान्वयनमा ल्याएको छ । स्वास्थ्य क्षेत्रमा जे-जति सुधार र सेवा प्रवाहको काम भइरहेको छ, लहड र हचुवाको आधारमा नभइ स्रोत सुनिश्चित गरेर कार्यक्रम सञ्चालन गर्ने र प्रभावकारी बनाउन सरकारको प्राथमिकता हुनुपर्छ । विभिन्न टुक्रे र प्रभावहिन कार्यक्रममा बजेट विनियोजन गर्ने प्रवृत्तिलाई रोकेर नतिजामुखी र समाजमा प्रभाव छाड्ने कार्यक्रम पहिचान र छनोट गर्ने तथा बजेट विनियोजन गर्न स्वास्थ्यमन्त्री अग्रसर भए लक्षित उद्देश्य हासिल गर्न संभव छ ।

**आरोप ...**

यदि सक्नुहुन्न भने यही रोष्ट्रममा उभिएर नेपाली जनतासामू माफी माग्नुपर्छ,' पौडेलले भने-'म दाबीका साथ भन्छु उहाँले आरोप पुष्टि गर्न सक्नुहुन्न । ढिलो चाँडो यहाँ उभिएर क्षमा याचना गर्न बाध्य हुनुहुनेछ ।'

उनले अहिलेको सरकारलाई प्रचण्डले विचौलिया, माफिया भनेको भन्दै संसदमा बोल्दा भ्रम छर्ने ढंगले नभइ तथ्यमा आधारित रहेर बोल्न पनि चेतावनी दिए ।

'सायद उहाँले शासन गर्दा जे गर्नुहुन्थ्यो त्यही सम्झिनुभएको हो कि,' पौडेलले भने-'अहिलेको सरकार सुशासन र विधिको शासनमा विश्वास गर्छ । पारदर्शितामा विश्वास गर्छ ।'


## Binayi Tribeni Rural Municipality

# Office of Rural Municipal Executive

Nawalparasi (East of BardghatSusta), Dumkibas
Gandaki Province, Nepal

# Invitation For Online Bids

Date of publication: 2081/10/25, (7th,Feb, 2025)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following worksunder National Competitive Bidding procedures

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 19/BTRM/ NCB/ Works/ 2081-082 | Warda Number 2 ko Bhihinna Bhitri BatoIstarunnati | 3892998.92 | 116700 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| 2 | 20/BTRM/ NCB/ Works/ 2081-082 | Office Hall Management ward No 3 | 695630.10 | 20800 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| 3 | 21/BTRM/ NCB/ Works/ 2081-082 | Ward no. 6 Bibhinna Bato Istarunnati | 5018213.16 | 150500 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| 4 | 22/BTRM/ NCB/ Works/ 2081-082 | GumbaGhumtiSiseni Bato Istarunnati , Buddha Chowk DekhinKhahare Samma Bato Istarunnati , Chandramarg Bijayamarg Bato Istarunnati | 3,949,430.99 | 118000 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| 5 | 23/BTRM/ NCB/ Works/ 2081-082 | BinayiKhola TatbandhJogikuti Khanda | 3982421.07 | 119000 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| 6 | | | | | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/15 (27th, Feb, 2025) at 1:00 PM | 2081/11/25 (9th, Mar, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East )<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik RajashwoKhata : 00815413078 | | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला तुराङ गा.वि.स. वडा नं. ०४ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, चन्द्रकोट गा.पा. वडा नं. ०८, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री पुनाराम वि कको छोरी श्री लाल बहादुर विश्वकर्मा सुनारको पत्नी बर्ष ७४ की श्रीमती भुमा देवी भन्ने भुमादेवी विश्वकर्मा सुनार (नागरिकता नं. २९१९ जि.प्र.का गुल्मी मिति २०५५/०१/११ मा जारी) को मिति २०७८/०४/१३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२७६९ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री दिपक बहादुर विश्वकर्मा सुनारले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती भुमा देवी भन्ने भुमादेवी विश्वकर्मा सुनार (नागरिकता नं. २९१९ जि.प्र.का गुल्मी मिति २०५५/०१/११ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला विरवास गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०४, बस्ने श्री दलदुर रजालीको नाति श्री दल बहादुर रजालीको छोरा श्रीमती कृष्णा रजाली भन्ने कुन्ती थापाको पति बर्ष ९४ को श्री केहर सिं थापा भन्ने केहर सिं रजाली (नागरिकता नं. २३६७ जि.प्र.का गुल्मी मिति २०४४/१०/२९ मा जारी) को मिति २०८१/०२/१८ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३२२६ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री उम बहादुर रजालीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री केहर सिं थापा भन्ने केहर सिं रजाली (नागरिकता नं. २३६७ जि.प्र.का गुल्मी मिति २०४४/१०/२९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ०२ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, इश्मा गा.पा. वडा नं. ०१, बस्ने श्री झरव बोहराको नाति श्री गणेश बोहराको छोरा श्रीमती कुन्ती देवी बोहराको पति बर्ष ८६ को श्री भिम बहादुर बोहरा (नागरिकता नं. २८७४ जि.प्र.का गुल्मी मिति २०४४/१२/३० मा जारी) को मिति २०८०/११/२९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४५३० मा भएको रकम भुक्तानी पाउँ भनी निजको पत्नी श्रीमती कुन्ती देवी बोहोराले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री भिम बहादुर बोहरा (नागरिकता नं. २८७४ जि.प्र.का गुल्मी मिति २०४४/१२/३० मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला दौघा गा.वि.स. वडा नं. ०५ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, छत्रकोट गा.पा. वडा नं. ०६, बस्ने श्री नाम थाहा नभएकाको नाति श्री कर्ण बहादुर गाहाको छोरा श्रीमती चम्फी गाहाको पति बर्ष ७९ को श्री मोहन बहादुर थापा भन्ने मोहन बहादुर गाहा (नागरिकता नं. २२१ जि.प्र.का गुल्मी मिति २०४५/०४/३० मा जारी) को मिति २०८०/११/०४ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४११८ मा भएको रकम भुक्तानी पाउँ भनी निजको छोरा श्री यम बहादुर गाहाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री मोहन बहादुर थापा भन्ने मोहन बहादुर गाहा (नागरिकता नं. २२१ जि.प्र.का गुल्मी मिति २०४५/०४/३० मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## Airawati Rural Municipality
## Office of the Rural Municipal Executive
**Baraula, Pyuthan**

# INVITATIONFOR BIDS

**ONLINE/BIDS**
**Notice NO:029/081-082**

Date of Publication: 2081/10/25 B.S (7thFeb.2025 AD)

Office of the RuralMunicipal Executive, BaraulaPyuthan has received Grant from GON for Airawati Khelkud Maidan Ward No 05.

1. Airawati Rural MunicipalityBaraula, Pyuthan intends to apply the funds to cover eligible payments under the Contract for Construction of works and further ORMEBaraula, Pyuthan allocates fund. Bidding is open to all eligible Nepalese Bidders.
2. TheORMEBaraula,Pyuthaninvites online bids from registered eligible bidders for Airawati Khelkud Maidan Ward No 05.
3. TheBidder having valid firm Registration, VAT/PAN Registration Certificates, Tax Clearance Certificate up to FY 2080/081 are Eligible for Bidding.
4. Interested eligible Bidders may obtain further informationat Airawati Rural Municipality Office,Baraula Pyuthan Phone No. 9851066850or may visit E-procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egp.
5. Bidder must purchase the bidding documents as mentioned above or within 2081/11/26 (10-03-2025) 12:00from PPMO's Web Site https://bolpatra.gov.np/egpBidders, submitting their bid electronically, should deposit the cost of 3000.00 (Three Thousands) of bidding document in the ORME Baraula,Pyuthan'sRajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Name of Bank: Nepal Investment Mega Bank Ltd.
   Name of Office: Airawati Rural Municipality, Baraula Pyuthan
   Revenue Account:18201400000079
   Deposit Account:18201400000031
6. Bidders must submit their bidon or before 12:00hrson 2081/11/26 (10-03-2025) electronically through E-Procurement section of PPMO's Web Site https://bolpatra.gov.np/egpas specified in the Instruction to Bidders. Documents received after deadline will not be Accepted.
7. The bids will be openedat 13:00hrson2081/11/26(10-03-2025) physically and electronically in the presence of Bidders' representatives who choose to attend atoffice of the Rural Municipal Executive Baraula Pyuthan
8. Bid Security must be valid for a period of90 days after the deadline for bid submission date &must be accompanied by minimum bid security amount listed below, which shall be valid for 30 days beyond the bid validity period.
9. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. The name and identification of the contract are as follows:

| SN | Contract ID No | Description of Work | Estimated Amount (Excluding VAT & Contingencies) | Bid Security Amount | Bid \ Document Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 09/ARM/NCB/2081-082/P-WORKS | Airawati Khelkud Maidan Ward No 05 | 12025216.26 | 350000.00 | 3000.00 | NCB |

Chief Administrative Officer

## नेपाल औषधि व्यवसायी संघ
## जिल्ला शाखा रुपन्देहीको जरुरी सूचना ।

मिति २०८१ माघ ११ गतेका दिन सम्पन्न कार्यसमितिको पूर्ण बैठकको निर्णय अनुसार संघको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा राखिएको हुँदा संघका सम्पूर्ण सदस्यहरुलाई फागुन ५ गते भित्र सदस्यता नवीकरण गरी कार्यक्रममा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८१ फागुन १० गते शनिवार**
**समय : साधारण सभा विहान ८:३० देखि**
**स्थान : शंकरनगर बनबाटीका**
**थप जानकारीका लागि ९८५७०३४५८१, ९८५७०४१००५, ९८५७०३१५१४,९८४७०२४१८१**

**कृष्ण प्रसाद शर्मा पोखेल**
**महासचिव**

# नेपाल औषधि व्यवसायी संघ
**जिल्ला शाखा रुपन्देही**

## SHIVRAJ MUNICIPALITY
## Office Of the Municipal Executive
**Chandrauta, kapilvastu**
**Lumbini province,Nepal**

# Invitation For Electronic Bids

First Date of Publication:7th Feb, 2025 (2081/10/25)

1. Shivraj Municipality Office,Chandrauta Kapilvastu invites only electronic bids from eligible bidders for the procurement of contract mentioned in table below.

| S. N. | Contract Identification No. | Works Description | Estimated Amount with VAT and PS (NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | SM/NCB/K/081/082/36 | Procurement of Agricultural machineries | 4688370 | 3000 | 120000 validity period:120 days issued by A class Bank | 90 Days |
| 2 | SM/K/081/082/37 | Procurement of shallow tubewell materials | 1951527.76 | | 50000 validity period: 120 days issued by A class Bank | |

2. Date of purchasing,submission and opening of bids:

| Last Dateof Purchase and Submission of Bids | Date of Pre-Bid Meeting | Date of Opening of Bids | Employers Bank Account for the Purchasing of Bid Documents | Employers Bank Account to Deposit Bid Security |
|---|---|---|---|---|
| 2025/03/09 And 2025/02/23 Time:12:00Noon Shivraj Municipality | | 2025/03/09 And 2025/02/23 Time:13:00 Shivraj Municipality | Nepal Bank,Chandrauta Branch,Kapilvastu 22803000001001000001 Aantarik Rajaswokhata | Nepal Bank, Chandrauta Branch, Kapilvastu 22803000003000000001 Dharautikhata |

3.Eligible Bidders may obtain further information at Shivraj Municipality office,Kapilvastu, phone No; 076-540118,9857014756,9857014755 and email address:shivrajmunicipality@gmail.com OR may visit PPMO's web site http://www.bolpatra.gov.np/egp.

Chiefadministrative Officer

**शंकरनगर...**

जसमा नगर अध्यक्ष मिनप्रसाद पोखरेल र दिनेश फुल्लेलले हस्ताक्षर गरेका थिएनन् ।

मतदानको दिन जिल्ला अध्यक्ष यज्ञ गैरेले जिल्ला कमिटीका सदस्यहरुलाई फोन गरेर नगर अध्यक्षको निर्णय नै आधिकारिक हो भनेका र तिलोत्तममाकै एक सिनिएर नेताले जिल्ला अध्यक्षले भने अनुसार गर्नु भनेर कार्यकर्तालाई निर्देशन दिएको एमाले स्रोतले जानकारी दिएको छ ।

तल्लो तहबाट भएको निर्णयलाई उल्टाएर माथिल्लो तहका एकाध नेताले कार्यकर्ताको भावना विपरीत निर्णय गर्दैमा नतिजा पक्षमा नआउने तथ्य शंकरनगर खानेपानीको चुनावले पुष्टी गरिदिएकोले यसबाट पाठ सिक्नुपर्ने एमाले तिलोत्तमाका एक नेताले बताए ।

नगर अध्यक्षले विधि पद्दति विपरीत एकलौटी ढंगले फरक उम्मेदवार अघि सारेका र त्यसलाई जिल्ला अध्यक्ष र जिल्ला इञ्चार्जले समेत साथ दिनुले नेकपा एमालेभित्र बहुमतको निर्णय स्वीकार गरेर जानुपर्ने सर्वमान्य विधि विपरीत मनोमानी र अराजकता मौलाउन थालेको त होइन भनेर पार्टी पंक्तिमा चिन्ता उत्पन्न भएको कार्यकर्ताहरु बताउँछन् ।

'विधि पद्दति मानेर पार्टीलाई एकताबद्ध रहेको सन्देश दिनुपर्नेमा भइसकेको निर्णयलाई उल्टाउने परिपाटीले आगामी दिनमा पार्टीलाई कमजोर बनाउँछ, यसतर्फ जिम्मेवार नेताको ध्यान जान जरुरी छ ।'-उनीहरुको भनाइ छ ।

यस्तै उपाध्यक्षमा नेपाली कांग्रेसका चन्द्रकान्त खनाल निर्वाचित भएका छन् । उपाध्यक्षमा कांग्रेसकै महेन्द्र बस्नेत बागी उम्मेदवार थिए । खनालले ४८ मत प्राप्त गरेर निर्वाचित भएका छन् । बस्नेतले ४४ मत ल्याए ।

सचिवमा एमालेकै कमला ज्ञवाली र कोषाध्यक्षमा कांग्रेसका भीम पौडेल निर्विरोध निर्वाचित भए ।

आठवटा क्षेत्रगत संयोजकमध्ये ५ जना निर्विरोध निर्वाचित भएका छन्, भने ३ संयोजकहरु मतदान प्रकृयाबाट निर्वाचित भएका छन् । क्षेत्र नम्बर ५ को संयोजकमा मानबहादुर थापाले ८ मत ल्याएर निर्वाचित भएका छन्, भने उनका प्रतिस्पर्धी टिकाराम खनालले ७ मत ल्याएर उप-विजेता बनेका छन् । क्षेत्र नम्बर ८ को संयोजकमा ८ मत ल्याएर राजेन्द्र घिमिरे निर्वाचित भएका छन्, भने उमाकान्त सापकोटाले ४ मत प्राप्त गरेका छन् ।

क्षेत्र ६ को संयोजकमा माओवादी केन्द्रका सौरभ भुसालले ८ मत ल्याएर निर्वाचित भएका छन्, भने ज्ञानु आत्रेयलाई ५ मत परेको थियो । त्यस्तै क्षेत्र नम्बर १ को संयोजकमा एमालेका खिलबहादुर पौडेल, क्षेत्र नम्बर २ को संयोजकमा कांग्रेसका गोपाल थापा, क्षेत्र नम्बर ३ को संयोजकमा कांग्रेसका दुर्गबहादुर क्षेत्री, क्षेत्र नम्बर ४ को संयोजकमा एमालेका पुष्करनाथ पन्त र क्षेत्र नम्बर ७ को संयोजकमा कांग्रेसका जनकलाल पाण्डेय निर्विरोध निर्वाचित भएका छन् ।

पुस १८ गते पार्षदको चुनाव भए पनि कांग्रेस र एमालेबिच आन्तरिक किचलोले झण्डै डेढ महिनापछि मात्रै चुनाव भएको हो । पछिल्लो समय खानेपानी, वन जस्था उपभोक्ताका संस्थामा चरम दलीय राजनीति हावी हुन थालेको भन्दै उपभोक्ताहरुले प्रत्यक्ष चुनाव हुनुपर्ने माग गर्न थालेका छन् ।

## पाठेघरको मुखको क्यान्सरविरुद्धको
## एच. पि. भी. खोप अभियान-२०८१

यही मिति २०८१ माघ २२ गतेदेखि फागुन ६ गतेसम्म रुपन्देहीमा सञ्चालन हुन लागेको एच. पि. भी. खोप पहिलो चरणमा माघ २२ देखि माघ २९ गतेसम्म बुटवल उपमहानगरपालिका र सिद्धार्थ नगरपालिकामा तथा माघ २२ देखि २७ गतेसम्म सैनामैना नगरपालिका, कञ्चन, गैडहवा, शुद्धोधन, सियारी र मायादेवी गाउँपालिकामा लगाईदै छ । त्यसैगरी फागुन १ देखि ६ गतेसम्म देवदह, तिलोतमा, लुम्बिनी साँस्कृतिक नगरपालिका, ओमसतिया, रोहिणी, सम्मरीमाई, कोटहीमाई र मर्चवारी गाउँपालिकामा दोस्रो चरणमा खोप अभियान चल्नेछ । विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका सबै छात्राहरु र विद्यालय बाहिरका १० वर्ष देखि १४ वर्ष उमेरका सबै किशोरीहरुलाई खोप लगाइनेछ । खोप सञ्चालन हुने दिनमा छात्राहरुलाई सम्बन्धित विद्यालयमा उपस्थित गराउनुहुन अनुरोध गर्दछौं ।

**अनुरोधक :**
**स्वास्थ्य कार्यालय**
**रुपन्देही**

## Sandhikharka Municipality
## Office of Municipal Executive
**Sandhikharka, Arghakhanchi**

# Invitation for Electronic Bids

Date of publication: 2081/10/25 (7thFebruary, 2025)

1. Sandhikharka Municipality, Office of the Municipal Executive, Sandhikharka Arghakhanchi invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under national competitive bidding system.All others information and bid document can be downloaded from PPMO's e-GP system. www.bolpatra.gov.np/egp.

| Contract ID | Descriptions of Work | Estimate Amount (excluding Vat) | Bid Document Fee (Nrs.) | Bid Security Amount (Nrs.) | Bid Security Period | Last date of Bid Submission | Bid Open |
|---|---|---|---|---|---|---|---|
| NCB/SM/B/P/21/2081/82 | Panini Bedha Biddhyashram Hostel Building Construction Ward No.2 | 79,58,350.66 | 3,000.00 | 2,43,000.00 | 120 days | 9thMarch. 2025. (2081/11/25) 12:00 Noon. | 9thMarch. 2025. (2081/11/25) 12:30 PM |

**Information to deposit the cost in the Bank:**

- Name of the Bank: Rastiya Banijya Bank, Sandhikharka, Arghakhanchi
- Name of Office: Sandhikharka Municipality, Sandhikharka, Arghakhanchi
- Rajaswa (Internal revenue) Account no.: 3050100301010002 (For Bid Document)
- Name of Office Account:SANDHIKHARKA NP.PA. (GA-1-1)-AANTAR

1. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the biding document without assigning any reason, whatsoever.

Chief Administrative Officer

## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**गण्डकी प्रदेश, नेपाल**
**२०७३**

# बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

**प्रकाशित मिति २०८१/१०/२५**

यस कार्यालयबाट विभिन्न समयमा प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 18/KM/NCB/2081-82 | Nagarpalika bhitraka bibhinna sadak marmat (Ward 6 ko bibhinna sthanko bato marmat, hattikhor dekhi army barracks hudai maharajamandir jaane bato marma ward 1,Chilaha school tol bato marmat ward 4, Pithauli chok dekhi rajmarga jane bato marmat ward 11, Purano rajmarga marmat ward 12, Tribhuwan highschool agadik bato marmat) | रोज डेभलपर टोखा-२ काठमान्डौं | ७९,४४,३९३.०७ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# सैनामैनामा राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिता




बुटवल । रुपन्देहीको सैनामैनामा भोलि बिहीबारदेखि शुरु हुने राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिताको तयारी पूरा भएको छ ।

सैनामैना नगरपालिकाको रामापुर कलोनी खेल मैदानमा फागुन ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा तीन विभागीय सहित ७टिमले लिग कम नकआउटका आधारमा उपाधिका लागि प्रतिस्पर्धा गर्ने आयोजकले जनाएका छन् ।

आयोजक दुधराक्ष युवा क्लबले बिहीबार पत्रकार सम्मेलन गरी विजेता र उपविजेता टिमले प्राप्त गर्ने ट्रफी अनावरण गरेको छ ।

प्रतियोगितामा त्रिभुवन अर्मी क्लब,नेपाल पुलिस क्लब, एपीएफ क्लब,गण्डकी प्रदेश भलिबल संघ,कोशी प्रदेश भलिबल संघ,गल्कोट भलिबल क्लब बागलुङ र मणिमुकुन्द भलिबल क्लब रुपन्देहीले प्रतिस्पर्धा गर्ने क्लबका अध्यक्ष किरण पोखरेलले जानकारी दिए ।

खेल अवलोकनका लागि ३ हजार दर्शक क्षमताको प्याराफिट निर्माण गरिएको र अन्य तयारीका काम पूरा भएको उनले बताए ।

प्रतियोगिताको उपाधि विजेताले ५ लाख ५५ हजार ५ सय ५५ रुपैयां , उपविजेताले ३ लाख ३३ हजार ३ सय ३३ रुपैयां, तेस्रो टिमले एक लाख ११ हजार १११ रुपैयां र सान्त्वना टिमले ५५ हजार ५५५ रुपैयां नगद पुरस्कार पाउने अध्यक्ष पोखरेलले बताए ।

यस्तै प्रतियोगिताको उत्कृष्ट खेलाडीले १५ हजार ५५५ तथा उत्कृष्ट स्पाइकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट ब्लकर, उत्कृष्ट सर्भिस, उत्कृष्ट प्रशिक्षक र उत्कृष्ट सेटरले ७ हजार ७७७ रुपैयांका दरले नगद पुरस्कार पाउने खेल संयोजक राजकुमार चौधरीले जानकारी दिए ।

प्रतियोगिताबारे जानकारी गराउन आयोजित पत्रकार सम्मेलनमा सैनामैना नगरपालिकाका प्रमुख फणिन्द्र शर्माले स्थानीय क्लबले आफ्नै प्रयासमा राष्ट्रियस्तरको भलिबल प्रतियोगिता आयोजना गरेर भलिबल खेलको विकाससंगै नगरलाई राष्ट्रियस्तरमा पहिचान दिलाउन भूमिका खेलेको बताए ।

उपप्रमुख बिना रानाले आगामी वर्षमा राष्ट्रियस्तरको महिला भलिबल प्रतियोगिता पनि आयोजना गर्न सुझाव दिइन् ।

प्रतियोगिता सम्पन्न गर्न पुरस्कार राशी ११ लाख १७ हजार सहित करिब ५७ लाख रुपैयां खर्च हुने अनुमान रहेको आर्थिक संयोजक हरि भुर्तेलले बताए । प्रतियोगिताका लागि सैनामैना नगरपालिकाले ५ लाख वजेट छुट्टाएको छ ।

# श्रीमद्भागवत श्रृङ्गेश्वर धार्मिक महोत्सव सुरु

बुटवल । 'मानव जीवनको अमूल्य काम मानव सेवा र मानव सेवा गर्न श्रृङ्गेश्वर धाम जाम' भन्ने मूल नाराका साथ रुपन्देहीको तिलोत्तमामा श्रीमद्भागवत श्रृङ्गेश्वर धार्मिक महोत्सव तथा श्रृङ्गारिक महाआरती २०८१ सुरु भएको छ ।

२४ गतेदेखि फागुन २ गतेसम्म सञ्चालन हुने महायज्ञमा प्रमुख कथा वाचक आचार्य ओमप्रकाश सुवेदीले आउआउ भक्त श्रृंगेश्वर धाममा कोही पनि नछुटौं यो पून्य काममा भन्दै भक्तजनहरुलाई दिल खोलेर सहयोग गर्न आह्वान गरे । हुनेले दान नहुनेले मन दिएर यो महायज्ञलाई सफल बनाउन उनले सुझाव दिए ।

श्रृङ्गेश्वर धाम एवं ज्येष्ठ नागरिक मिलन केन्द्र तिलोत्तमा ४ डिङ्गनगर, रुपन्देहीमा आयोजित महायज्ञमा बिहीबार बृहत् शोभाकलश यात्रा निकालिएको थियो ।

शोभाकलशपछिको सभामा बोल्दै जेष्ठ नागरिक देवीप्रसाद पन्थ र पुनकला बस्यालले जेष्ठ नागरिक मिलन केन्द्र वृद्ध वृद्धाका लागि खुशियाली दिने स्थल भएको धारणा राखेका थिए ।

तिलोत्तमा नगर उप-प्रमुख जगेश्वरीदेवी चौधरीले समुद्घाटन गदै सरकारले गर्ने काम यो संस्थाले गरेकोमा प्रशंसा व्यक्त गर्दै मानवीय काममा सबैको साथ सहयोग जरुरी रहेको बताइन ।

उनले हुनेले आर्थिक रुपमा र नहुनेले कार्यक्रममा उपस्थित भएर सफल पार्न आह्वान गरेकी छिन् । धाममा सञ्चालित छोरी शिक्षा कार्यक्रममालाई नगरपालिकाले हरेक वर्ष सहयोग गर्ने प्रतिबद्धता पनि उनले जनाइन ।

कार्यक्रममा बोल्दै जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्ष यदुनाथ पाण्डेले महायज्ञलाई सफल बनाउन सबैले पहल गर्नु पर्ने धारणा राखेका थिए । हरेक दिनप्रातःकालमा योग एवं ध्यान शिविर, नित्य पूजा र पाठ पारायण, सङ्गितमय श्रीमद्भागवत कथा प्रवचन, देव लिलादर्शन, सन्तमहन्त सम्मान, श्रृङ्गारिक दिव्य महाआरती एवं राष्ट्रिय कलाकारद्वारा देव लिलामय झाँकी भजन सञ्चालन गरिने छ ।

कार्यक्रम रहेको श्रृङ्गेश्वर धाम एवं महायज्ञ आयोजक समितिका अध्यक्ष ऋषि भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्षहरु गणेश पाठक, फर्शुराम गिरी, हरिबहादुर थापा, संस्थाकी ओमीकला पुन, गुल्मेली सर्म्पक समाजका अध्यक्ष नारायण पन्थ, सल्लाहकार टीकाराम घिमिरे, पार्वता भण्डारी, डीआर शर्मा पार्वती भण्डारी, खेमराज रेग्मीलगायतले महायज्ञ आयोजना गर्नु परेको बारेमा प्रकाश पारेका थिए । उद्घाटन समारोहका दिन ४ लाख बढी आर्थिक सहयोग संकलन भएको कोषाध्यक्ष मोती भण्डारीले जानकारी दिए ।


## शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मितिः २०८१/१०/२५

यस शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको खरिद कार्यको लागि निर्धारित मिति भित्र विद्धुतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को १ बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि तथा सोहि ऐनको दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | कबोल रकम (भ्याट सहित) रू. |
|---|---|---|---|---|
| 1 | SM/RD/RR/ 081/082-22 | Adhuro shivraj ring road kalopatre | kriti_constructionmotipur 7 kapilvastukriticonstruction101@gmail. com phone: 9857029177 | २१३७६५०८.२४ |

## नाम, थर र जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय गुल्मीको मिति २०५८/०७/१६ गतेको पत्रअनुसार गुल्मी जिल्ला रेसुङ्गा नगरपालिका वडा नं. ४ (साविकको अर्खले गा.वि.स. वडा नं. ७) स्थायी ठेगाना भएको मिति २०४६/०१/१७ मा नं २७ को **नागरिकता**को प्रमाणपत्रमा नाम थर **सीमा भण्डारी** पतिको नामथर **यमलाल भण्डारी** भएको र भारत सरकाले वितरण गरेको पेन्सन पट्टामा नामथर **सीमा देवी गुरुङ्ग** पतिको नामथर **राम बहादुर गुरुङ्ग** भै उपरोक्त दुई नाम थर भएका व्यक्ति एउटै भएको व्यहोरा प्रस्तुत गरिएको छ । निजको पेन्सन पट्टामा विवरण आर्मी नं. ५३४३६००के नायक टि.एस. राम बहादुर गुरूङ्ग २/४ गोर्खा राईफल्स पि.पि.ओ नं. ०३३७९७/९४
टि.एस. नं. ७७५५७ रहेको जानकारी गराईन्छ




## Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
Nawalparasi (East of Bardghat Susta), Dumkibas
Gandaki Province, Nepal

## Invitation For Online Bids

Date of publication: 2081/10/25, (7th,Feb, 2025)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following worksunder National Competitive Bidding procedures.

| S. N. | Contract ID | Description of Works | Estimate Amount with VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 10/BTRM/ NCB/ Works/ 2081-082 | Bhorlabhanjyang Barhabise Chidiya Sadak Binayi Tribeni Gaunpalika Wada No 5 | 9166766.47 | 275000.00 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/06 (18th, Feb, 2025) at 1:00 PM | 2081/11/11 (23th, Feb, 2025) After 1:00 | |
| 2 | 12/BTRM/ NCB/ Works/ 2081-082 | Ward No. 7 ko Bibhinna Bato Istarunati | 3184806.93 | 95500 | 3000.00 | 2081/10/25 (7th, Feb, 2025) Before 12:00 | 90 Days | 2081/11/06 (18th, Feb, 2025) at 1:00 PM | 2081/11/06 (18th, Feb, 2025) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

## Madhyabindu Municipality
## Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)
Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 2025-1-03
SecondDate of publication: 2025-2-07

1. Madhyabindu Municipality has own resources andSadak Board Nepal has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT & PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 06/NCB/ MB/ WORKS/ 2081/82 | Kusunde krishisadak (Chauparikhanda), Arunkholabhupu chowk dekhi madhyabindu 12 janesadak ,bhirkhet andibhitrimul sadak | NCB-WORKS | 71,33,525.09 | 3000/- | 190,000.00 | 90 days/ 120 days after bid opening | 2025-02-23 12.00 | 2025-02-23 14.00 |

Chief Administrative Officer


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com